सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

नेपालका पूर्व प्रधान न्यायाधीश मोहनप्रसाद शर्माको मिति २०७८ साल माघ ०५ गते बुधबार दिउँसो ०१:२९ बजे भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहत भएका छौं। पूर्व प्रधान न्यायाधीश शर्माको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। सर्वोच्च अदालतको प्रधान न्यायाधीशको रूपमा सेवारत रहँदा उहाँले स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यतालाई स्थापित गर्न एवम् न्याय र कानूनका क्षेत्रको विकासका लागि पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको छ। संविधान र कानूनको क्षेत्रमा दख्खल राख्ने निर्भिक, सरल, अत्यन्त मिलनसार, विवेकशील, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ एवम् अनुभवी न्यायिक व्यक्तित्वका रूपमा रहनुभएका स्वर्गीय शर्मा न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

काठमाडौं जिल्लाको कमलपोखरीमा वि.सं.१९९१ साल पुस १ गते जन्मनु भएका पूर्व प्रधान न्यायाधीश शर्माले २०१६ सालदेखि सरकारी सेवामा अप्रिन्टिसको पदबाट सेवा प्रारम्भ गर्नुभएको थियो। उहाँ मिति २०५४।१२।३० मा नेपालको प्रधान न्यायाधीश पदमा नियुक्त भई मिति २०५६।०८।३० सम्म कार्यरत रहनुभएको थियो।

उहाँको निधनबाट राष्ट्रले एउटा सच्चा राष्ट्रप्रेमी र न्यायिक व्यक्तित्वलाई गुमाएको छ। यस दुःखद् घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

पूर्व प्रधान न्यायाधीश मोहनप्रसाद शर्माको असामयिक निधनमा शोक मनाउन यहि मिति २०७८ माघ ०९ गते आइतबार एकदिन नेपालभरका सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, विशेष अदालत एवं अन्य अदालत र न्यायाधीकरणहरु शोक विदाको रुपमा बन्द रहने भनी सर्वोच्च अदालतको मिति २०७८।१०।०८ मा बसेको आकस्मिक पूर्ण बैठकले निर्णय गरेको बेहोरासमेत जानकारी गराइन्छ।

मिति : २०७८।१०।०८

मिति : २०७८।१०।०८

देवेन्द्र ढकाल
सहप्रवक्ता